२०७८ सालको मापदण्ड नं. १

भू-उपयोग परिषदबाट स्वीकृत मितिः २०७८/१०/२०

प्रमाणीकरण मिति : २०७८/१०/२२

# भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड २०७९

## कपिलवस्तु नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## तौलिहवा,कपिलवस्तु

## २०७८

## भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्मा मापदण्ड २०७९

**भू-उपयोग परिषदबाट स्वीकृत मिति :२०७९।१०।२०**

**प्रस्तावना :** भू-उपयोग ऐन, २०७६ तथा भू-उपयोग नियमावली, २०७९ को मापदण्ड तथा आधारहरुका अतिरिक्त देहाय अनुसार यस कपिलवस्तु नगरपालिका क्षेत्रको जग्गालाई भू-उपयोग क्षेत्रमा वर्गीकरण गरिने प्रयोजनको लागि भू-उपयोग ऐन, २०७६ को दफा (५) को उपदफा (४) बमोजिम भू-उपयोग क्षेत्र नक्सालाई अध्यावधिक गर्न यो मापदण्ड जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(क) यस मापदण्डको नाम **"भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड-२०७९"** रहेको छ।

(ख) यो मापदण्ड कपिलवस्तु नगर कार्यपालिकाले स्वीकृत भएको मितिबाट कपिलवस्तु नगरपालिका क्षेत्र भित्र लागू हुनेछ।

**२. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,**

(क) **"ऐन"** भन्नाले भूउपयोग ऐन, २०७६ लाई सम्झनुपर्दछ ।

(ख) **"नियमावली"** भन्नाले भूउपयोग नियमावली, २०७९ लाई सम्झनुपर्दछ।

(ग) **"नगरपालिका"** भन्नाले कपिलवस्तु नगरपालिकालाई सम्झनुपर्दछ।

(घ) **"कार्यपालिका"** भन्नाले कपिलवस्तु नगर कार्यपालिकालाई सम्झनुपर्दछ।

(ङ) **"आवासीय क्षेत्र"** भन्नाले मानवीय बासस्थानको लागि प्रयोग भएको घर, जग्गा तथा घरसँग जोडिएको वा नजोडिएको गोठ, भकारी, ग्यारेज, तवेला, इनार, फलफूल बगैंचा, करेसाबारी, आँगन वा त्यस्तै अरु कुनै काममा प्रयोग गरिएको जग्गा सम्झनु पर्छ र सो शब्दले बसोबासको लागि प्रचलित कानून बमोजिम तोकिएको कुनै क्षेत्रलाई समेत जनाउँदछ।

(च) **"औद्योगिक क्षेत्र"** भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो सञ्चालन गर्ने प्रयोजनको लागि निर्माण गरिएका भवन, घर, टहराले चर्चेको जग्गा लगायत सो प्रयोजनको लागि छुट्याइएका जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योग प्रवर्द्धन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रलाई समेत जनाउँदछ।

(छ) **"कृषि क्षेत्र"** भन्नाले कृषि बाली उत्पादन, पशु/पन्छी पालन, फार्महाउस, मत्स्यपालन, माहुरीपालन, रेशम खेती लगायत कृषिजन्य उत्पादन, वागवानी वा वनबाटिका, जडिबुटी र कृषि वनको लागि प्रयोग भएको वा हुन सक्ने जग्गा सम्झनु पर्छ।

(ज) **"खानी तथा खनिज क्षेत्र"** भन्नाले प्रचलित कानून बमोजिम खानी तथा खनिज पदार्थको उत्खनन, उत्पादन, शुद्धीकरण, प्रशोधन, सञ्चय गर्ने प्रयोजनको लागि छुट्याइएको क्षेत्र सम्झनु पर्छ।

(झ) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ञ) **"भू-उपयोग"** भन्नाले भूमिको उपयोग सम्झनु पर्छ।

(ट) **"भू-उपयोग क्षेत्र"** भन्नाले ऐनको दफा ४ बमोजिम वर्गीकरण गरिएको क्षेत्र सम्झनु पर्छ।

(ठ) **"भू-उपयोग क्षेत्र नक्सा"** भन्नाले ऐनको दफा ५ बमोजिम तयार गरिएको भू-उपयोग क्षेत्र नक्सा सम्झनु पर्छ।

(ड) **"भू-उपयोग योजना"** भन्नाले भू-उपयोगलाई व्यवस्थित गर्न दफा ६ बमोजिम तयार गरिएको योजना सम्झनु पर्छ।

(ढ) **"भूमि"** भन्नाले पृथ्वीको सतह, सतहभन्दा सिधा तल पृथ्वीको केन्द्रसम्म र सतहभन्दा माथि पृथ्वीको गुरुत्वाकर्षणले भेट्ने सीमासम्मको भाग सम्झनु पर्छ।

(ण) **"वन क्षेत्र"** भन्नाले प्रचलित कानून बमोजिम तोकिएको वन क्षेत्र सम्झनु पर्छ।

(त) **"व्यावसायिक क्षेत्र"** भन्नाले बैंङ्क, सहकारी र वित्तीय संस्था, पसल, होटेल, प्रदर्शनी कक्ष, पेट्रोल पम्प, गोदामघर, चलचित्र घर, स्वास्थ्य, सञ्चार, मनोरञ्जन सम्बन्धी सेवा, वस्तुको खरिद बिक्री हुने स्थान, कुनै साहित्यिक, वैज्ञानिक, प्राविधिक सेवा, सूचना तथा परामर्श उपलब्ध गराउने संस्था, अन्य कुनै व्यावसायिक प्रयोजनको लागि निर्माण गरिएको भवनले चर्चेको जग्गा तथा सो प्रयोजनको लागि छुट्याईएको जग्गा तथा पर्यटन व्यवसायले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार गर्ने गरी प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ।

(थ) **"सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको क्षेत्र"** भन्नाले धार्मिक स्थल, धर्मशाला, पुरातात्त्विक महत्त्वका दरवार तथा प्रचलित कानून बमोजिम सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका क्षेत्र भनि तोकिएका क्षेत्र सम्झनु पर्छ ।

(द) **"सार्वजनिक उपयोगको क्षेत्र"** भन्नाले विद्यालय, विश्वविद्यालय, छात्रावास, शवदाह स्थल, सडक, सिँचाई कुलो वा नहर, इनार, कुवा, चौतारी, पाटी, पौवा, गौशाला, उद्यान, बसपार्क, विमानस्थल, गौचर, खेलकुद मैदान तथा अन्य सार्वजनिक उपयोगको लागि निर्माण गरिएका भवन, घर, टहरा, स्थान तथा त्यस्ता संरचनाले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा सार्वजनिक उपयोगको क्षेत्र भनि प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ।

## ३. भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्डहरु

१. यस अघि नापी विभागवाट आवासिय, व्यवसायिक र औधोगिक क्षेत्रमा विभाजन भएको जग्गालाई सोही क्षेत्रमा बर्गिकरण गर्ने, तर नगरपालिकाले आवश्यकता र उपयुक्त देखेमा आवासिय क्षेत्रलाई यस मापदण्डको अधिनमा रही व्यवसायिक क्षेत्रमा अध्यावधिकगर्न सकिने छ।

२. सार्वजनिक तथा सामुदायिक प्रयोजनका लागि प्रयोग हुने जग्गालाई सार्वजनिक उपयोग क्षेत्रमा वर्गीकरण गर्ने।

३. हाल उपयोगमा रहेका नदीनाला, ताल, तलैया, पोखरी (व्यक्तिको निजी पोखरी बाहेक) लगायतका पानीजन्य उपयोगमा रहेको क्षेत्रलाई नदी, खोला, ताल तथा सिमसार क्षेत्रमा वर्गीकरण गर्ने।

४. स्थानीय तहबाट स्वीकृत प्राप्त गरी खानी तथा खनिजजन्य पदार्थहरु जस्तै ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्ने क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा वर्गीकरण गर्ने।

५. हाल कायम सवै किसिमका बन पैदावार क्षेत्र (धार्मिक, निजी, जग्गामा भएको बाहेक) लाई वन क्षेत्रमा वर्गीकरण गर्ने।

६. हाल उपयोगमा रहेका मठ, मन्दिर, गुम्बा, चर्च लगायत धार्मिक क्षेत्रले चर्चेका खाली जग्गा, परापूर्वकाल देखिका ऐतिहासिक धरोहर, सांस्कृतिक र पुरातात्विक महत्वका क्षेत्रहरुलाई सांस्कृतिक तथा पुरातात्विक क्षेत्रमा वर्गीकरण गर्ने।

७. नगर क्षेत्रमा हाल सञ्चालनमा रहेको उद्योग र औद्योगिक ग्राम क्षेत्र निर्धारण गरी औद्योगिक क्षेत्रमा वर्गीकरण गर्ने।

८. हाल चलन चल्तीमा उपयोग भईरहेको पसल, बैक तथा वित्तीय संस्था, होटेल, रेष्टुरा, हाटबजार लाग्ने स्थल, चमेना गृह, खाजा/फास्टफुड घर, व्यवसायिक प्रयोजनका लागि उपयोग गर्ने स्टोरेज क्षेत्र, सेवा प्रदान गर्ने सरकारी कार्यालय र सोले चर्चेका खाली जग्गा, निजी क्षेत्रबाट संचालित अन्य कार्यालयहरु र सो ले चर्चेका जग्गा, निजी क्षेत्रबाट सञ्चलित अस्पताल, विद्यालय, क्यापस, नर्सिङ होम, पोलिक्लिनिक, रेडियो तथा टेलिभिजन ब्रोडकास्टिङ्ग संस्था, इन्टरनेट सेवा प्रदायक संस्था लगायत तपसिल बमोजिमका चौकहरुलाई लाई व्यवसायिक क्षेत्रमा वर्गीकरण गर्ने।

९. तपसिल बमोजिमका क्षेत्रहरुको केन्द्र विन्दु देखि १०० मिटर अर्धव्यास सम्म व्यावसयिक क्षेत्रमा वर्गीकरण गर्ने ।

| **वडा नं.** | **क्र.सं.** | **व्यवसायिक क्षेत्र** |
|---|---|---|
| **१** | १ | कपिलबस्तु नगरपालिका वडा नं १ सम्पूर्ण क्षेत्र |
| **२** | १ | वडा नं. २ को सम्पूर्ण क्षेत्र |
| **३** | १ | भिक्षुचौक, महिता चौक, २४ हजार चौक, बजार क्षेत्र सबै |
| **४** | १ | छोटकी तौलिहवा, कोदौहा चौराहा, महुवा चौराहा. मालपारा चौराहा, गोपालपुर चौराहा, पिपरी चौराहा, डालपुर चौराहा |
| **५** | १ | बभनी चोक, डंगरि चोक, गोटिहवा चोक |
| **६** | १ | गोबरी चौक, थुमुवा चौक, निगाली चौक, बरमेलि चौक, तिलौरी चौक |
| **७** | १ | धामौलि पूर्व, वरगदवा चौक पूर्व, वरगदवा चौक पश्चिम, सेराहिया चैक, कनकटवा चौक, हारिहर चौक |
| | २ | धमौलि चौक पश्चिम, धर्मपानिया चौक दाक्षिण, धर्मपानिया उत्तर चौक |
| **८** | १ | मैनिहवा पश्चिम चौक, पश्चिम दोहनी चौक, पूर्व मैनिहवा चौक, पूर्व दोहनी चौक |
| **९** | १ | जगदीशपुर बजार |
| **१०** | १ | पचेहरा चौक देखि २०० मीटर रेडियस सम्म |
| **१०** | २ | जहदी चौक देखि २०० मीटर रेडियस सम्म |
| **११** | १ | जहदी चौक |
| **१२** | १ | पिपरहवा चौराहा हुलाकी बाटो, विठ्वा गाउँ को दक्षिण चौराहा, सौराहा गाउँ को उत्तर चौराहा, विठ्वा गाउँ को पश्चिम उत्तर चौराहा |

१०. जिल्ला सदरमुकाम तौलिहवाको शहरीकरण तथा वस्ती विस्तार गर्ने हकमा वडा नं. ३ को चौबिस हजार देखि वडा नं. ४ को कोदौहा सम्म, कोदौहा देखि वडा नं. २ को सेमरहवा, लम्तिया, बर्गदवा, मौहरिया देखि जमुवार सम्म, जमुवार देखि वडा नं. ३ को सुखरामपुर, लक्ष्मी नगर, सडवा हुदै चौबिस हजार सम्म भित्र पर्ने सम्पूर्ण क्षेत्र र सो भन्दा बाहिर १०० मिटर सम्मको क्षेत्रलाई आवासीय क्षेत्रमा बर्गिकरण गर्ने ।

११. सडक बिभाग अन्तरगत पर्ने हुलाकी राजमार्ग, सहायक राजमार्ग लगायत सो बिभाग अन्तर्गत पर्ने अन्य सडकहरुको केन्द्र रेखा देखि १५० मिटर दाया बाया आवासीय क्षेत्रमा बर्गिकरण गर्ने ।

१२. नगर यातायात गुरु योजना अन्तर्गत तोकिएका **अनुसूची १** बमोजिमका 'क' बर्गका सडकहरुको केन्द्र रेखा देखि १०० मिटर दाया बाया आवासीय क्षेत्रमा बर्गिकरण गर्ने ।

१३. नगर यातायात गुरु योजना अन्तर्गत तोकिएका **अनुसूची** २ बमोजिमका 'ख' बर्गका सडकहरुको केन्द्र रेखा देखि ८० मिटर दाया बाया आवासीय क्षेत्रमा बर्गिकरण गर्ने ।

१४. नगर यातायात गुरु योजना अन्तर्गत तोकिएका **अनुसूची ३** बमोजिमका 'ग' बर्गका सडकहरुको केन्द्र रेखा देखि ६० मिटर दाया बाया आवासीय क्षेत्रमा बर्गिकरण गर्ने ।

१५. नगर यातायात गुरु योजना अन्तर्गत तोकिएका **अनुसूची** ४ बमोजिमका 'घ' बर्गका सडकहरुको केन्द्र रेखा देखि ५० मिटर दाया बाया आवासीय क्षेत्रमा बर्गिकरण गर्ने ।

१६. नगर यातायात गुरु योजना अन्तर्गत उल्लेख नभएका तर परापुर्ब काल देखि चलनचल्तीमा रहेका अन्य सडकहरुको हकमा सडकहरुको केन्द्र रेखा देखि ५० मिटर दाया बाया आवासीय क्षेत्रमा बर्गिकरण गर्ने ।

१७. दफा ३ को उपदफा (१) देखि (१६) बाहेकका क्षेत्रलाई कृषि क्षेत्रमा वर्गीकरण गर्ने।

१८. नगरपालिकाको पुर्ब अनुमति बिना यस नगर क्षेत्रमा जग्गा प्लाटिंग गर्न पाइने छैन ।

## अनुसूचीहरु

## अनुसूची १ 'क' बर्गका सडकहरु

| क.स. | वडा नं | सडकको नाम | शुरु विन्दु | अन्तिम विन्दु |
|---|---|---|---|---|
| १ | ३ | कृषि विकास वैंक देखि महिता सडक | कृषि विकास वैंक | तौलिहवा जितपुर सडक |
| २ | ३,४ | भवानी भिक्षु चोक मलपरवा विजगौरी सडक | भिक्षु चोक | विजगौरी पुल |
| ३ | ३,४ | कपिलवस्तु संग्रहालय औरहियां मलपरवा वीरपुर हुलाकी सडक | कपिलवस्तु संग्रहालय | हुलाकी सडक |
| ४ | ३,६,११ | कृषि विकास कार्यालय सुखरामपुर लक्ष्मीनगर सेमरी थुम्हवा निगालीकोट जहदी सडक | हुलाकी सडक | जहदी चोक |
| ५ | ४ | गोपालपुरचोक विजगौरी सडक | हुलाकी सडक | विजगौरी पुल |
| ६ | ६ | रामापुर नरैनापुर परसिया सडक | तौलिहवा जितपुर सडक | परसिया गाउं |
| ७ | ६,९ | तिलौराकोट वर्मेली  जगदिशपुर लक्ष्मणघाट सडक | तिलौराकोट | वाणगंगा नपाको सिमाना |
| ८ | ८ | दोहनी चोक सेरहिया कुवां गाउं कचरिहवा हरनामपुर सडक | हुलाकी सडक | मायादेवी गा.पा.को सिमाना हरनामपुर |
| ९ | ११,१० | जहदी विकुली वुंची सडक | तौलिहवा जितपुर सडक | विकुली उत्तर वाणगंगा नपाको सिमाना |
| १० | ८,७,११ | मैनिहवा धमौली पकडी पर्सिया पचेहरा सडक | हुलाकी सडक | पचेहरा चौक |

| | | | | |
|---|---|---|---|---|
| ११ | १२ | पिपरहवा विठुवा सौराहा सडक | हुलाकी सडक | सौराहा गाउंको दक्षिण यशोधरा गा.पा.को सिमाना सम्म |
| १२ | २ | वर्गदवा महुवरिया भावपुर तितिर्खि सडक | वर्गदवा | क.व.न.पा.को सिमाना |
| १३ | ९,६,३,४,५ | वाणगंगा सिंचाईको मुल नहर(हरनामपुर जगदीशपुर सिपुरा चौबीस हजार कोदौहा गोटिहवा सिपुरा महसोइया सम्म) | हरनामपुर गाउंको पश्चिम पुल | यशोधरा गा.पा.को सिमाना महसोइया सम्म |
| १४ | ३,२ | वाणगंगा सिंचाईको शाखा नहर(चौबीस हजार महिता बर्गदवा महुवरियासम्म) | चौबीस हजार पुल | यशोधरा गा.पा.को सिमाना महुवरिया सम्म |
| १५ | ३ | वाणगंगा सिंचाईको शाखा नहर(सडवा लक्ष्मीनगर कनकटवा) | सडवा | लक्ष्मीनगर |
| १६ | ४,२ | वाणगंगा सिंचाईको शाखा नहर(कोदौहा डालपुर कुदान वसन्तपुर) | कोदौहा | क.व.न.पा.को सिमाना |

## अनुसूची २ "ख" बर्गका सडकहरु

| क्र.स. | वडा नं | सडकको नाम | शुरु विन्दु | अन्तिम विन्दु |
|---|---|---|---|---|
| १ | ३ | भिक्षु चोक वरण्डीहवा क्याम्पस हुंदै नहर तिलौराकोट सम्म सडक | भिक्षु चोक | वाणगंगा नहर |
| २ | ३ | महिता वर्गदवा सुखरामपुर सडक | तौलिहवा जितपुर सडक | कनकटवा गाउं |
| ३ | ५ | पिच सडक दलदलहा गोटिहवा सडक | तौलिहवा खुनुवां सडक | कुदान गोटिहवा सडक |
| ४ | ६ | गोबरी चोक सिपुरा भण्डारी डांडा सडक | गोबरी चाृक | भण्डारी डांडा |
| ५ | ५,१२ | कुदान गोटिहवा सौरहा सडक | तौलिहवा खुनुवा सडक | सौराहा,कवनपा को सिमाना |
| ६ | ६ | सेमरी गोबरी तिलौरी तिलौराकोट सडक | तिलौराकोट गाउं | तिलौराकोट |
| ७ | ८ | हुलाकी सडक मैनिहवा वेलौहा मुराउडिहवा कुवांगाउं सडक | हुलाकी सडक | कुवागाउं |
| ८ | ८ | दोहनी मुराउडिहवा कुवागाउं सडक | दोहनी सेरहिया सडक | कुवागाउं |
| ९ | ८ | कचरिहवा पुर्वि भडेहर महुवरिया सडक | दोहनी चोक सेरहिया कुवां गाउं कचरिहवा हरनामपुर सडक | महुवरिया भावपुर सडक |
| १० | ९,१० | कुस्मा संगमचोक हरनामपुर विकुली सडक | जगदिशपुर लक्ष्मणघाट सडक | जहदी विकुली वुंची सडक |
| ११ | १० | विकुली फेदराहट सडक | जहदी विकुली वुंची सडक | तौलिहवा जितपुर सडक |
| १२ | ११,९ | जहदी वन्डौली जगदिशपुर सडक | जहदी विकुली सडक | जगदिशपुर चोक |

## अनुसूची ३ “ग” वर्गको सडकहरु

| क्र.स. | वडा नं | सडकको नाम | शुरु विन्दु | अन्तिम विन्दु |
|---|---|---|---|---|
| १ | १,४ | आनन्दवाग सिकोटवा मलपरवा सडक | आनन्दवाग तौलिहवा जितपुर सडक | मलपरवा गाउं |
| २ | २,४,३ | वर्दहवा छोटकि तौलिहवा सिकोटवा सडक | तौलिहवा खुनुवां सडक | सिकोटवा गाउं |
| ३ | २ | जमुवार टोल विद्युत कार्यालय वर्गदवा सडक | हुलाकी सडक | वर्गदवा गाउं |
| ४ | २ | वर्दहवा रमतलहा लम्तिया महुवरिया डांडा सडक | तौलिहवा खुनुवा सडक | महुवरिया भावपुर सडक |
| ५ | ३ | क्याम्पस देखि पश्चिम वुद्धचोक सम्म सडक | क्याम्पसटोल | वुद्धचोक |
| ६ | ३ | तिलौराकोट डेरवा जमोहरा सडक | तोलिहवा गोरुसिंगे सडक | जमोहरा गाउं |
| ७ | ४,१२ | हुलाकी सडक (महुवा गाउं) पिपरी लौसा विठुवा | हुलाकी सडक | विठुवा गाउं |

| | | | | |
|---|---|---|---|---|
| | | सडक | | |
| ८ | ४,१२ | हुलाकी सडक लौसा विठुवा सौरहा सडक | हुलाकी सडक | पिपरहवा विठुवा सौरहा सडक |
| ९ | ५ | गोटिहवा सिपुरा डंगरी बसन्तपुर सडक | सौरहा गाउं | वाणगंगा नहर |
| १० | ५ | लोखडिया चौराहा पोखरभिटवा सडक | श्रीरामपुर गाउं | वाणगंगा सहायक नहर |
| ११ | ७ | कनकटवा वर्गदवा पूर्व वर्गदवा वगौहा सडक | मैनिहवा पचेहरा सडक | वगौहा गाउं |
| १२ | ७ | सेमरी धमौली सडक | सेमरी | धमौली गाउं |
| १३ | ७ | हुलाकी सडक धर्मपनिया सडक | हुलाकी सडक | धर्मपनिया गाउं उत्तर मायादेवी गा.पा.को सिमाना |
| १४ | ८,७ | दोहनी चोक वगौहा वहरवासी सडक | हुलाकी सडक | मायादेवी गा.पा.को सिमाना |
| १५ | ९,६ | कुस्मा संगमचोक प्रेमचन्द्रपुर जलैंया चम्किपुर सिपुरा गोबरी सडक | कुस्मा गाउं | तौलिहवा जितपुर सडक |
| १६ | १० | फेदराहट नगवा तेनुवा सडक | तौलिहवा जितपुर सडक | जहदी विकुली वुंची सडक |
| १७ | ११ | पचेहरा वनगाई सडक | वर्रोहिया पचेहरा सडक | वनगाई गाउं |
| १८ | ७ | धमौली फुलिका सडक | धमौली | कवनपा को सिमाना |
| १९ | ५ | बभनी श्रीरामपुर मधुनगरा सडक | तौलिहवा खुनुवा सडक | कवनपा को सिमाना |

## अनुसूची ४ "घ" बर्गका सडकहरु

| क्र.स. | वडा नं | सडकको नाम | शुरु विन्दु | अन्तिम विन्दु |
|---|---|---|---|---|
| १ | १ | वहादुर गंज चोक शिव मन्दिर काली मन्दिर सडक | वहादुरगंज चोक | काली मन्दिर |
| २ | १ | वासुदेव गुप्ताको घर देखि गौढी चोक सम्म सडक | वासुदेव गुप्ताको घर | गौढी चोक |
| ३ | १ | जिल्ला प्रशासन कार्यालय देखि चोक वजार हुंदै गौढी चोक सम्म सडक | जिल्ला प्रशासन कार्यालय | गौढी चोक |
| ४ | १ | गौढी चोक देखि कभर्डहल हुंदै राजकुला सम्म सडक | गौढी चोक देखि भिक्षु चोक सडक | राजकुला |
| ५ | १ | मख्खन स्विट हाट बजार हुलाकी सडक | तौलिहवा जितपुर सडक | हुलाकी सडक |
| ६ | १ | शिव मन्दिर देखि मस्जिद टोल वाटो | शिव मन्दिर | हुलाकी सडक |
| ७ | ६ | रुधौला गोवरी सडक | रुधौला गाउं | गोबरी गाउं |
| ८ | ४ | हुलाकी सडक महुवा डालपुर पिपरी नहर सम्म सडक | हुलाकी सडक | वाणगंगा मुल नहर |
| ९ | १,३ | आनन्दवाग पेट्रोल पम्प देखि आंखा अस्पताल हुंदै डिवि चोक सम्म | आनन्दवाग पेट्रोल पम्प | डिवि चौक |
| १० | १ | चोक वजार देखि परशुराम गल्ली सडक | चोकवजार | वासुदेवको घर देखि गौढी चोक जोड्ने सडक |
| ११ | १ | पदम बहादुर श्रेष्ठको घरदेखी देखि अदालत हुंदै तौलिहवा जितपुर सडक | पदम बहादुर श्रेष्ठको घर | तौलिहवा जितपुर सडक |
| १२ | १ | नरसिंह चौधरीको घर देखि गौढी चोक सम्म सडक | नरसिंह चौधरीको घर | गौढी चोक |
| १३ | १ | विद्यानिवास त्रिपाठीको घर देखि गौढी चोक सम्म | विद्यानिवास त्रिपाठीको घर | गौढी चोक |
| १४ | १ | समयमाई मन्दिर देखि माधव पराजुलीको घर हुंदै पुण्य पन्थीको घर सम्म सडक | तौलिहवा गोरुसिंगे सडक | पुण्य पन्थीको घर सम्म |
| १५ | १ | मुल सडक देखि कौशलेन्द्र त्रिपाठीको घर हुंदै वगैंचा सम्म सडक | तौलिहवा गोरुसिंगे सडक | पश्चिम वगैंचा सम्म |
| १६ | १ | चोक वजार देखि शिव मन्दिर सम्म सडक | चोकवजार | शिव मन्दिर |
| १७ | १ | तौलिहवा खुनुवा मुल सडक देखि राजपुर गाउं भित्र | तौलिहवा खुनुवा सडक | राजपुर गाउं |

| | | | | |
|---|---|---|---|---|
| | | जाने सडक | | |
| १८ | २ | वर्दहवा गाउं देखि मंगल गुप्ताको मिल जाने बाटो | वर्दहवा गाउं | मंगल गुप्ताको मिल |
| १९ | २ | श्रीधर शर्माको घर देखि पश्चिम तौलिहवा खुनुवा जाने सडक | श्रीधर शर्माको घर | तौलिहवा खुनुवा सडक |
| २० | २ | हुलाकी सडक प्रहरी कार्यालय वर्गदवा सडक | हुलाकी सडक | वर्गदवा गाउं |
| २१ | २ | सागरटोल दुर्गा मन्दिर जिल्ला वन कार्यालय वर्गदवा सडक | सागरटोल दुर्गा मन्दिर | वर्गदवा गाउं |
| २२ | २ | सागरटोल दुर्गा मन्दिर रमतलहा सडक | सागरटोल दुर्गा मन्दिर | रमतलहा गाउं |
| २३ | २ | घरेलु कार्यालय सडक | हुलाकी सडक | प्रहरी कार्यालय वर्गदवा सडक |
| २४ | ३ | क्याम्पस टोल देखि सानो सडवा सम्म सडक | क्याम्पसटोल | सानो सडवा गाउं |
| २५ | ३ | डेरवा गाउंको पश्चिम देखि रामघाट जानकी मन्दिर सम्म | डेरवा गाउं | रामघाट जानकी मन्दिर |
| २६ | ३ | तिलौराकोट होटल देखि वुद्धज्योति स्कुल सम्म सडक | कृषि विकास वैंक महिता सडक | वाणगंगा सहायक नहर |
| २७ | ३ | रत्नराज्य स्कुलको पश्चिम देखि भवानी भिक्षु चोक सम्म जाने सडक | आनन्दवाग सिकोटवा सडक | भिक्षुचोक सिकोटवा सडक |
| २८ | ३ | शक्ति ईन्टरनेशनल होटल देखि पूर्व वाणगंगा सहायक नहर सम्म | कृषि विकास वैंक महिता सडक | वाणगंगा सहायक नहर |
| २९ | ३ | मालटोल देवानगढिया डिवि चोक महिता नहर सम्म सडक | मालटोल | वाणगंगा सहायक नहर |
| ३० | १२ | सौराहा अकवरपुर सडक | सौराहा | अकवरपुर |
| ३१ | २ | हुलाकी सडक वर्गदवा सडक | हुलाकी सडक | वर्गदवा गाउं |
| ३२ | ३ | महिता पेट्रोल पम्प पछाडि हुंदै तौलिहवा जितपुर जोड्ने सडक | तौलिहवा जितपुर सडक | तौलिहवा जितपुर सडक |